# पानी जहाज दर्ता ऐन, २०२७

<u>लालमोहर र प्रकाशन मिति</u>

२०२७।१२।३०।२

<u>संशोधन गर्ने ऐन</u>

| | | |
|---|---|---|
| १. | पानी जहाज दर्ता (पहिलो संशोधन) ऐन, २०२९ | २०२९।६।५।५ |
| २. | न्याय प्रशासन सुधार ऐन, २०३१ | २०३१।४।१८।६ |
| ३. | न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ४. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

| | | |
|---|---|---|
| ५. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।०७ |
| ६. | केही नेपाल कानून संशोधन गर्ने ऐन, २०७२ | २०७२।६।१४ |
| ७. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

<u>२०२७ सालको ऐन नं. १७</u>

⏭...............

**<u>नेपाली पानी जहाजको दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

---

◆यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



नेपाल कानून आयोग

**प्रस्तावना** : नेपाली पानी जहाजको दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "पानी जहाज दर्ता ऐन, २०२७" रहेकोछ ।

(२) यो ऐन नेपाल *............ भर लागू हुनेछ र जहाँसुकै रहेको भए तापनि यस ऐनबमोजिम दर्ता भएको कुनै पनि पानी जहाज र सो पानी जहाजको धनी, नाविक र कर्मचारीहरुलाई समेत लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "पानी जहाज" भन्नाले लाभका उद्देश्यले नौपरिवहन गरिएको भए तापनि वा नभए तापनि नौपरिवहनको लागि सुहाउँदो जतिसुकै टनेज वा जुन सुकै वर्णनको जलयान (भेसेल) सम्झनु पर्छ र यस शब्दले पाल, बहना, वाफ वा मोटरले चल्ने जुनसुकै श्रेणी वा आकारको कुनै पनि जलयानको पेटा (हल) नौतल (कील) रिगिंग र उपकरणलाई समेत जनाउँछ ।

(ख) "व्यापारिक पानी जहाज" भन्नाले समुद्रबाट मानिस वा मालसामान ढुवानी गर्ने वा माछा मार्ने, तान्ने वा समुद्रमा अरु कुनै प्रकारको नौपरिवहन कार्य

---

* गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

सञ्चालन गर्ने काममा प्रयोग गरिएको वा गरिने १० ग्रस रजिष्टर टन वा सो भन्दा बढी पारवहन क्षमता भएको समुद्रयात्रा गर्ने पानी जहाजलाई सम्झनु पर्छ ।

(ग) "डुङ्गा" भन्नाले मानिस वा मालसामान ढुवानी गर्ने वा माछा मार्ने, तान्ने वा पानीमा अरु कुनै प्रकारको नौपरिवहन कार्य सञ्चालन गर्ने काममा प्रयोग गरिएको वा गरिने १० ग्रस रजिष्टर टनभन्दा कम पारवहन क्षमता भएको नौपरिवहन यान (नेभिगेटिङ्ग क्राफट) सम्झनु पर्छ ।

(घ) "नेपाल पानी जहाज कार्यालय" भन्नाले दफा ४ को उपदफा (३) बमोजिम स्थापना भएको नेपाल पानी जहाज कार्यालयलाई सम्झनु पर्छ ।

*(ङ) "रजिष्ट्रार" भन्नाले यस ऐनको दफा ४ को उपदफा (३) बमोजिम नियुक्त भएको रजिष्ट्रार सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद — २

## पानी जहाजको राष्ट्रियता

३. **पानी जहाजलाई राष्ट्रियता प्राप्त हुने** : दफा ४ बमोजिम दर्ता भई नेपाल ⁕......... को व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्ने अधिकार र कर्तव्य भएको पानी जहाजलाई नेपाली राष्ट्रियता प्राप्त हुनेछ र त्यस्तो पानी जहाजलाई नेपाली पानी जहाज मानिनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

⁕ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

## परिच्छेद — ३

## सामान्य व्यवस्था

४. **पानी जहाज दर्ता गर्ने** : (१) देहायको कुनै व्यापारिक नेपाली जहाज यस ऐन बमोजिम नेपाल पानी जहाज कार्यालयको पानी जहाज दर्ता किताबमा दर्ता गर्नु पर्नेछ :—

(क) कम्तीमा पानी जहाजका ५१ प्रतिशत शेयर नेपाली नागरिक वा प्रचलित नेपाल कानूनबमोजिम स्थापना भएको सङ्गठित संस्थाको भएको,

(ख) खण्ड (क) बमोजिमको सङ्गठित संस्थाको कारोबारको मुख्य स्थान नेपाल ⁕......... भित्र रहेको,

(ग) पानी जहाज चलाउने सङ्गठित संस्थाको सञ्चालनको निमित्त नियुक्त भएको व्यवस्थापक र गठन भएको सञ्चालक समितिको बहुसंख्यक सदस्य नेपाली नागरिक भएको,

(घ) नेपाल पानी जहाज कार्यालयको पानी जहाज दर्ता किताबमा आफ्नो पानी जहाज दर्ता गराउन पानी जहाजका स्वामी वा सह—स्वामीहरु मञ्जुर भई दरखास्त दिएको, र

(ङ) पानी जहाजको पहिलेको विदेशी दर्ता भए सो खारेज गरिएको ।

(२) पानी जहाज दर्ता गर्ने दस्तूर र कार्याविधि तोकिएबमोजिम हुनेछ ।

⁕ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(३) पानी जहाज दर्ता गर्ने कामको निमित्त नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल पानी जहाज कार्यालयको स्थापना र रजिष्ट्रारको नियुक्ति गर्नेछ ।

५. **<u>मास्टर (मुख्य अधिकृत) र अरु नाविक नेपाली नागरिक हुनु पर्ने</u>** : (१) नेपाली पानी जहाजको मास्टर (मुख्य अधिकृत) र अरु नाविक मध्ये कम्तीमा ७५ प्रतिशत नाविक नेपाली नागरिक हुनु पर्नेछ ।

तर विशेष आवश्यकता परेमा अस्थायी व्यवस्थाको रुपमा नेपाल सरकारले कुनै नेपाली पानी जहाजको मास्टर (मुख्य अधिकृत) अरु नाविक र अधिकृतहरुमा सो पानी जहाज दर्ता भएको दोस्रो वर्षदेखि प्रतिवर्ष समानुपातिक प्रतिशतको हिसाबले आठौं वर्षसम्म ७५ प्रतिशत पुग्ने गरी नेपाली नागरिकहरुको नियुक्ति गर्दै जाने गरी नेपाल सरकारले अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि नेपाल [*]……… सित युद्धको स्थितिमा रहेको देशको नागरिकलाई नेपाली पानी जहाजको मास्टर (मुख्य अधिकृत) नाविक वा कर्मचारी नियुक्त गर्न सकिने छैन ।

(३) नेपाली पानी जहाजको मास्टर (मुख्य अधिकृत) नाविक वा कर्मचारीको नियुक्ति गर्दा नेपाली नागरिकलाई ग्राह्यता दिनु पर्नेछ ।

[*] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

## <u>परिच्छेद– ४</u>

## <u>पानी जहाजको दर्ता किताब</u>

६. **<u>दर्ता किताब</u>** : नेपाल पानी जहाज कार्यालयमा नेपाली पानी जहाजको दर्ता किताब रहनेछ र सो दर्ता किताबलाई सार्वजनिक किताब र त्यसको उतारलाई सार्वजनिक लिखत मानिनेछ । त्यस्तो दर्ता किताब वा उतार चाख लिने जोसुकै व्यक्तिले हेर्न सक्नेछ ।

७. **<u>दर्ता किताब दुई किसिमको हुने</u>** : (१) पानी जहाजको दर्ता किताब देहाय बमोजिम दुई किसिमका हुनेछन् :–

(क) व्यापारिक पानी जहाजको दर्ता किताब, र

(ख) डुङ्गाको दर्ता किताब ।

(२) १० ग्रस रजिष्टर टन वा सो भन्दा बढी भारवहन क्षमता भएको व्यापारिक पानी जहाजहरु व्यापारिक पानी जहाजको दर्ता किताबमा दर्ता गरिने छन् र जुनसुकै उद्देश्यको लागि काम लगाइए (सेवा योजना गरिए) को भएपनि वा जुनसुकै जलमार्गमा नौपरिवहन गरिने भएपनि १० ग्रस रजिष्टर टन भन्दा घटी भारवहन क्षमता भएका जलयानहरु (भेसेल) डुङ्गाको दर्ता किताबमा दर्ता गरिनेछ ।

(३) दर्ता किताबहरुको ढाँचा तोकिए बमोजिम हुनेछ ।

८. **<u>डुङ्गाको दर्ता किताब</u>** : डुङ्गाको दर्ता किताब परिचयको चिन्ह वा अङ्क खुलाई दर्ताको क्रमले सूचीवद्ध गरिएको नेपाली डुङ्गाहरुको एक अभिलेख हुनेछ र त्यसमा डुङ्गाको सबै आवश्यक परिचयात्मक विवरणहरु सहित त्यसको धनीको नाम, ठेगाना र कारोबारको मुख्य ठाउँ समेत अभिलिखित हुनेछ ।

९. **व्यापारिक पानी जहाजको दर्ता किताब** : (१) व्यापारिक पानी जहाजको दर्ता किताब देहायका लिखतहरु भएको व्यापारिक पानी जहाजको अभिलेख हुनेछ :–

(क) मुख्य किताब (मेन बूक), र

(ख) त्यसका सहायक लिखतहरु (सेट अफ सर्पोर्टिङ्ग डकुमेण्टस) ।

(२) मुख्य किताब एउटै जिल्दभित्र राखिएका समाविष्ट भागहरु (ईन्सर्टेड पार्टस) को हुनेछ र प्रत्येक समाविष्ट भाग देहायका कागजातहरु भएको हुनेछ :–

(क) विवरण सम्बन्धी पाना (डेस्क्रिप्टिभ फोलियो),

(ख) स्वामित्व सम्बन्धी पाना (ओनरशिप फोलियो), र

(ग) भार तथा प्रतिबन्धहरु सम्बन्धी पाना (फोलियो अफ चार्जेज एण्ड रेष्ट्रिक्शन्स)।

(३) प्रत्येक व्यापारिक पानी जहाज मुख्य किताबको छुट्टै समाविष्ट भागमा दर्ता गरिनेछ र प्रत्येक समाविष्ट भागको जिल्दमा समाविष्ट भाग नं. भन्ने जनाई मुख्य किताबको क्रमसूचक संख्या, सम्बन्धित पानी जहाजको नाम तथा साङ्केतिक (कार्ड) अङ्क वा अक्षर वा दुवै उल्लेख गरी शीर्षक राखिनेछ ।

१०. **विवरण सम्बन्धी पाना** : मुख्य किताबमा समाविष्ट भागको विवरण सम्बन्धी पाना खण्डमा सम्बन्धित पानी जहाजको देहायका विवरणहरु अभिलिखित हुनेछ :–

(क) चालन शक्ति (मोटिभ पावर) (जस्तो कि पाल, वाफ, टर्वाईन, डिजेल, डिजेल–विद्युत आदि) अनुसारको पानी जहाजको किसिम,

(ख) दर्ता गरिएको ठाउँ,

(ग) डेक, मस्तूल (मास्ट) र फनेलको संख्या,

(घ) ग्रस र नेट रजिष्टर टनेज,

(ङ) पानी जहाजको प्रकार र त्यसलाई काममा लगाइने उद्देश्य,

(च) के वस्तुले बनेको हो सो कुरा (जस्तो कि काठ, कङ्क्रीट, फलाम, इस्पात वा मिश्रित),

(छ) मुख्य आयामहरु (प्रिन्सिपल डाइमेन्शन्स) (मुख्य डेकमा स्टेनदेखि रुटन पोष्टसम्म नाप्दा हुन आउने पूरा लम्बाई, सत्तरीको चौडाई, पींधदेखि मुख्य डेकसम्मको उँचाई),

(ज) चालन शक्तिका विवरण (इञ्जीनहरुको संख्या र प्रकार, सिलिण्डरको संख्या, हर्स पावर, ब्वायलरको संख्या र प्रकार, इञ्जिन निर्माताको नाम र बनेको साल),

(झ) पानी जहाज निर्माताको नाम, र पानी जहाज बनेको ठाउँ र पानीमा उत्रेको साल,

(ञ) ग्रिस्म भार रेखाले देखाउने भारवहन क्षमता (ड्राफ्ट अन दि समर लोड लाइन),

(ट) ग्रिस्म भार रेखा (समर लोड लाइन) मा कूल वजन क्षमता (डेढ वेट क्यापासिटी),

(ठ) इञ्च र सेण्टीमीटरमा व्यक्त गरिएको समर लोड लाइनबाट फ्री बोर्ड,

(ड) वालास्टमा र पूरा भार लादिएको अवस्थामा पानी जहाजको अधिकतम गति,

(ढ) राख्न सकिने यात्रुको संख्या,

(ण) नौपरिवहनको सुरक्षाको निमित्त आवश्यक नाविक र कर्मचारीहरुको न्यूनतम संख्या,

(त) अघि कही दर्ता गरिएको भए दर्ता गरिएको ठाउँ तथा अघिको राष्ट्रियता,

(थ) हालको दर्ता मिति तथा दर्ताको प्रमाणपत्र जारी गरिएको मिति, र

(द) पानी जहाजको परिचयको निमित्त आवश्यक पर्ने उपलब्ध भएसम्मका अरु विवरण ।

११. <u>**स्वामित्व सम्बन्धी पाना**</u> : (१) मुख्य किताबमा समाविष्ट भागको स्वामित्व सम्बन्धी पानामा पानी जहाजका धनी वा धनीहरुको नाम र ठेगाना तथा कारोबारको मुख्य स्थान समेत जनाइनेछ ।

(२) पानी जहाजका धनीहरु दुई वा दुईभन्दा बढी भएमा प्रत्येकको हिस्सा वा लिएको शेयरको संख्या समेत स्वामित्व सम्बन्धी पानामा उल्लेख गरिनेछ र स्वामित्व सम्बन्धी पानामा पानी जहाजको धनी भनी जनाइएका व्यक्ति वा सङ्गठित संस्था मात्र पानी जहाजको वास्तविक धनी मानिनेछ ।

१२. <u>**दायित्व (चार्ज) तथा प्रतिबन्ध सम्बन्धी पाना**</u> : (१) मुख्य किताबमा समाविष्ट भागको दायित्व तथा प्रतिबन्ध सम्बन्धी पानामा सम्बन्धित पानी जहाजमा त्यसको केही भाग माथि दायित्व लगाउने बन्धकी इत्यादिको हक, ती हकहरु माथिको प्रतिहक, भाडा (किराया) का करारहरू, प्रयोग र उपभोग गर्न पाउने हक, खरीद गर्ने प्राथमिकताको हक र साथै पानी जहाजको बेचबिखन गर्नमा लागेका सबै प्रतिबन्धहरु जनाइने छन् ।

(२) प्रत्येक समाविष्ट भागमा सो भागमा जनाइएका कुराहरुको पुष्टि गर्ने सबै लिखतहरु हुनेछन् र ती लिखतहरुलाई मिलाई राखिनेछ ।

१३. **<u>नेपाल पानी जहाज कार्यालयमा रहने अन्य किताबहरु</u>** : नेपाल पानी जहाज कार्यालयमा पानी जहाजको दर्ता किताबको अतिरिक्त देहायका किताबहरु समेत रहनेछन् :—

(क) कुनै खास पानी जहाजको दर्ताको सम्बन्धमा परेका दरखास्त, उजूरी तथा विरोधहरुलाई प्राप्त भए अनुसार सूचीमा चढाई राख्नको निमित्त मुख्य किताबसँग संलग्न एउटा पुस्तिका,

(ख) पानी जहाज दर्ता गरिएको दर्ता किताब र त्यसमा समाविष्ट भागसमेत उल्लेख गरी पानी जहाजहरुको वर्णानुक्रम अनुसार तयार गरिएको एउटा सूची, र

(ग) पानी जहाजमा हक लाग्ने व्यक्ति वा सङ्गठित संस्थाको नाम जनाइएको दर्ता किताब र त्यसमा समाविष्ट भाग समेत उल्लेख गरी त्यस्ता व्यक्ति वा संस्थाहरुको वर्णानुक्रम अनुसार तयार गरिएको एउटा सूची ।

## * परिच्छेद — ५

## राष्ट्रियताको प्रमाणपत्र

१४. **<u>दर्ताको प्रमाणपत्र</u>** : (१) कुनै व्यापारिक पानी जहाज नेपाल पानी जहाज कार्यालयको दर्ता किताबमा दर्ता गरिएपछि रजिष्ट्रारले दर्ता किताबमा जनिएको व्यहोरा समेतको दर्ता उतार तोकिएको दस्तूर लिई प्रदान गर्नेछ र यसरी प्रदान गरिएको दर्ता उतार नै पानी जहाजको

* पहिलो संशोधनद्वारा थप ।

राष्ट्रियताको प्रमाणपत्र हुनेछ र यसलाई दर्ताको प्रमाणपत्र मानिनेछ । यसको दर्ताको प्रमाणपत्रको ढाँचा तोकिएबमोजिमको हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिएको दर्ताको प्रमाणपत्र हरबखत पानी जहाजमा राख्नु पर्नेछ ।

(३) दर्ताको प्रमाणपत्र एक सार्वजनिक लिखत मानिनेछ ।

(४) पानी जहाजको नाम, टनेज, श्रेणी वा अन्य मुख्य मुख्य विवरणमा हेरफेर भएको खण्डमा त्यस्तो पानी जहाजलाई तोकिएको दस्तूर लिई नयाँ दर्ताको प्रमाणपत्र प्रदान गरिनेछ ।

१५. **दर्ताको प्रमाण–पत्रमा थपघट गर्न नहुने** : दर्ताको प्रमाणपत्रमा पानी जहाजको धनी वा माष्टर (मुख्य अधिकृत) वा अरु कसैले कुनै थप घट गर्न हुँदैन ।

१६. **राष्ट्रियताको अस्थायी प्रमाण–पत्र** : (१) [२]........ नेपाली वाणिज्य दूतावास वा कूटनैतिक कार्यालयले देहायको अवस्थामा कुनै पानी जहाजलाई तोकिएको दस्तूर लिई नेपाली राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

(क) नेपाली पानी जहाज राख्न पाउने व्यक्तिहरुले नेपाल पानी जहाज कार्यालयको सिफारिश प्राप्त गरी कुनै विदेशी बन्दरगाहमा रहेको पानी जहाजको स्वामित्व प्राप्त गरेमा त्यस्तो स्वामित्व प्राप्त गर्ने व्यक्तिहरु वा सो मध्ये कुनैले सो पानी जहाज नेपाल पानी जहाज कार्यालयमा दर्ता गर्ने इच्छाको घोषणा गरी नेपाली राष्ट्रियताको अस्थायी प्रमाणपत्रको लागि सबभन्दा

---

[२] केही नेपाल कानून संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

नजिकको [✪]....... नेपाली वाणिज्य दूतावास वा कूटनैतिक कार्यालयमा दरखास्त दिएमा वा त्यस्तो घोषणा गरी दरखास्त दिन अख्तियार दिएको भनी सो पानी जहाजको मास्टर (प्रमुख अधिकृत) ले दरखास्त दिएमा ।

(ख) विदेशी बन्दरगाहमा रहेको अवस्थामा कुनै नेपाली पानी जहाजको दर्ताको प्रमाणपत्र हराएमा वा क्षतिग्रस्त भएमा वा त्यस्तो प्रमाणपत्रमा उल्लिखित विवरणहरुमा कुनै परिवर्तन भएमा नेपाली राष्ट्रियताको अस्थाई प्रमाणपत्रको लागि सो पानी जहाजको मास्टर (प्रमुख अधिकृत) ले सबभन्दा नजिकको [✪]....... नेपाली वाणिज्य दूतावास वा कूटनैतिक कार्यालयमा दरखास्त दिएमा ।

(२) राष्ट्रियताको अस्थायी प्रमाणपत्रको ढाँचा तोकिएबमोजिम हुनेछ र त्यसमा देहायको विवरण खुलाइएको हुनुपर्छ :—

(क) पानी जहाजको नाम,

(ख) पानी जहाज खरीद भएको मिति र ठाउँ,

(ग) पानी जहाज खरीद गर्ने व्यक्तिहरुको नाम र ठेगाना,

(घ) मास्टर (मुख्य अधिकृत) को नाम, र

(ङ) पानी जहाजको टनेज, बनौट र वर्णन सम्बन्धी विवरण ।

१७. **राष्ट्रियताको अस्थायी प्रमाणपत्र कायम रहने अवधि** : पानी जहाजको दर्ताको निमित्त कारवाई चलिरहेको अवस्थामा राष्ट्रियताको अस्थायी प्रमाणपत्र जारी गरिएको मितिले ६ महीना सम्म

---

[✪] केही नेपाल कानून संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

वा पानी जहाज भारत वा पाकिस्तानको कुनै बन्दरगाहमा आई नपुगेसम्म जुन पहिले हुन्छ सो मितिसम्म राष्ट्रियताको अस्थायी प्रमाणपत्र बमोजिम पानी जहाज चलाउन पाइनेछ र यस्तो अवस्थामा राष्ट्रियताको अस्थायी प्रमाणपत्र दर्ताको प्रमाणपत्र सरह मानिनेछ ।

तर, दफा १६ को उपदफा (१) को खण्ड (ख) बाहेक कुनै पानी जहाजले एक पटकभन्दा बढी अस्थायी प्रमाणपत्र प्राप्त गर्ने छैन् ।

१८. **अस्थायी प्रमाणपत्र फिर्ता गर्ने** : यस ऐनको दफा १६ बमोजिम राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्रदान गरिएको पानी जहाजलाई दर्ताको प्रमाणपत्र प्राप्त भएपछि त्यस्तो पानी जहाजको राष्ट्रियताको अस्थायी प्रमाणपत्र नेपाल पानी जहाज कार्यालयमा फिर्ता गर्नु पर्नेछ ।

## * परिच्छेद—६

## पानी जहाजको नाम र दर्ताको स्थान

१९. **पानी जहाजको नाम** : (१) प्रत्येक नेपाली व्यापारिक पानी जहाजको नाम हुनुपर्छ । त्यस्तो नाम रजिष्ट्रारको अनुमति बिना बदल्न पाइने छैन र दुई नेपाली पानी जहाजको एउटै नाम राख्न सकिने छैन ।

(२) रेडियो प्रसारण स्टेशन वा रेडियो टेलिफोनको व्यवस्था भएको नेपाली व्यापारिक पानी जहाजको अन्तर्राष्ट्रिय रुपमा दर्ता गरिएको सङ्केतिक (कोड) नाम पनि हुनु पर्नेछ ।

(३) प्रत्येक नेपाली व्यापारिक पानी जहाजको मोहोडाको (बो) दुबैतर्फ त्यसको नाम लेखिएको हुनु पर्नेछ र स्टर्नमा त्यसको नाम र दर्ताको स्थान लेखिएको हुनु पर्नेछ ।

२०. **दर्ता स्थान** : सबै नेपाली पानी जहाजको दर्ताको स्थान काठमाडौं हुनेछ ।

---

* पहिलो संशोधनद्वारा थप ।

## * परिच्छेद– ७

## पानी जहाजको हस्तान्तरण

२१. **पानी जहाजको हस्तान्तरण दर्ता किताबमा जनिने** : नेपाली व्यापारिक पानी जहाज वा निर्माण हुन लागेको नेपाली पानी जहाजको हस्तान्तरण तथा त्यस्तो पानी जहाजमाथि लागेको कुनै भार चार्ज पानी जहाजको दर्ता किताबमा जनाइनेछ ।

२२. **हस्तान्तरण बारे बयान दिनु पर्ने** : दर्ता भएको पानी जहाज वा त्यस्तो पानी जहाजको शेयर कुनै व्यक्ति वा सङ्गठित संस्थाको नाममा हस्तान्तरण गरिएमा, त्यसरी हस्तान्तरण गरी लिने व्यक्तिले र सङ्गठित संस्थाले हस्तान्तरण गरी लिएकोमा त्यस्तो संस्थाको तर्फबाट अख्तियार प्राप्त व्यक्तिले नेपाली पानी जहाज राख्न पाउने योग्यता भएको प्रमाण सहित त्यस्तो हस्तान्तरणको सम्बन्धमा रजिष्ट्रारको सम्मुख बयान दिई दस्तखत नगरेसम्म सो व्यक्ति वा संस्था पानी जहाजको धनीमा दरिने छैन ।

२३. **विदेशीको नाममा हस्तान्तरण गर्न नपाउने** : दफा ४ को विपरीत हुने गरी कुनै नेपाली पानी जहाजको शेयर वा आंशिक स्वामित्व कुनै विदेशी नागरिक वा विदेशी सङ्गठित संस्थाको नाममा हस्तान्तरण गर्न वा नेपाली पानी जहाजमा यस्तो विदेशी नागरिक वा संस्थाप्रति दायित्व हुने गरी कुनै कारोबार गर्न पाउने छैन ।

## * परिच्छेद– ८

## दर्ता बदर

२४. **दर्ता बदर हुने अवस्था** : (१) कुनै नेपाली पानी जहाज देहायका अवस्थामा परेमा सो पानी जहाजको दर्ता बदर हुनेछ :–

---

* पहिलो संशोधनद्वारा थप ।

(क) समुद्री व्यापारबाट स्थायीरुपमा झिकिएमा,

(ख) हराएमा,

(ग) नष्ट भएमा,

(घ) स्थायी रुपमा उपयोग हुन नसक्ने भएमा, र

θ(ङ) दफा ४ वा ५ मा उल्लिखित शर्तहरूको पालना नभएमा ।

(२) कुनै पानी जहाज उपदफा (१) बमोजिमको अवस्थामा परेपछि सो पानी जहाजको धनीले सो कुरा थाहा पाएको मितिले १५ दिनभित्र रजिष्ट्रारलाई त्यसको सूचना दिनु पर्नेछ ।

*२४क. **नेपाल सरकारले निरीक्षण गराउन वा विवरण माग गर्न सक्ने** : (१) नेपाल सरकारले जुनसुकै बखत अधिकृतहरुको टोली खटाई यस ऐन बमोजिम दर्ता भएको नेपाली पानी जहाजको निरीक्षण तथा त्यस्तो पानी जहाज सञ्चालनको व्यवस्था गर्ने सङ्गठित संस्थाको काम कारवाईको जाँचपडताल गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम पानी जहाज सञ्चालनको व्यवस्था गर्ने सङ्गठित संस्थाको काम कारवाई सम्बन्धी आवश्यक विवरण तथा कार्य प्रगति सम्बन्धी प्रतिवेदन पेश गर्न नेपाल सरकारले घटीमा पन्ध्र दिनको म्याद तोकी आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएमा त्यस्तो विवरण वा प्रतिवेदन पेश गर्नु सम्बन्धित सङ्गठित संस्थाको प्रमुख व्यक्तिको कर्तव्य हुनेछ ।

θ पहिलो संशोधनद्वारा संशोधित ।

## * परिच्छेद–९

## विविध

θ२५. **दण्ड सजाय** : (१) दफा ४ को उपदफा (३) बमोजिमको पानी जहाज दर्ता गर्न झुठ्ठा विवरण दाखिल गरेमा त्यस्तो पानी जहाजको धनीलाई र दफा १५ वा दफा २४ क. को विपरित काम कारवाई गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुबै सजाय हुन सक्नेछ र त्यस्तोमा सम्बन्धित पानी जहाजको नेपाल ⁂....... को व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्ने अधिकार झिक्न वा केही अवधिको लागि निलम्बन गर्न समेत सकिनेछ ।

(२) दफा १९ बमोजिम पानी जहाजमा लेख्नु पर्ने नाम र दर्ताको स्थान नलेखेमा वा अनधिकृत नाम लेखिएमा वा रजिष्ट्रारको अनुमति बिना पानी जहाजको नाम बदलेमा त्यस्तो पानी जहाजको धनीलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) दफा २४ को उपदफा (२) बमोजिम रजिष्ट्रारलाई सूचना नगर्ने पानी जहाजको धनीलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

२६. **मुद्दा हेर्ने अधिकार** : (१) यो ऐन बमोजिम दण्ड सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारवाई र किनारा गर्ने अधिकार ∝ नेपाल सरकारले तोकेको जिल्ला अदालतलाई हुनेछ ।

∂(२) .........

---

* पहिलो संशोधनद्वारा थप ।

⁂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

∝ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।



नेपाल कानून आयोग

(३) रजिष्ट्रारले आवश्यक सम्झेमा आफै वा अन्य अधिकृत खटाई नेपाल ❋......... बाहिर पनि आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

∂(४) ......

२७. **<u>करार सम्बन्धी केही व्यवस्था</u>** : यो ऐन बमोजिम दर्ता भएको वा दर्ता हुने पानी जहाज भाडामा लिने वा दिने, माल वा यात्रु ढुवानी गर्ने वा कुनै नौपरिवहन काममा लगाउने सम्बन्धी गरिने करारको प्रकार यो ऐन र प्रचलित नेपाल कानूनसँग नबाझिने गरी यस ऐन अन्तर्गतको नियमद्वारा व्यवस्था भए बमोजिम हुनेछ ।

२८. **<u>पानी जहाज सञ्चालन गर्ने सङ्गठित संस्थाको योग्यता</u>** : यो ऐन बमोजिम दर्ता भएको वा दर्ता गरिने पानी जहाज सञ्चालनको व्यवसाय गर्ने कुनै सङ्गठित संस्थामा ५१ प्रतिशत शेयर नेपाली नागरिक वा नेपाल सरकारको हुनु पर्नेछ ।

२९. **<u>नियम बनाउने अधिकार</u>** : यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ । सो नियमहरु नेपाल राजपत्रमा प्रकाशित भएपछि लागू भएको मानिनेछ ।

नेपाल कानून आयोग

∂ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

❋ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।